**निर्वाचन आयोग, नेपाल** मितिः २०७८/१०/२२

## मतपत्र डिजाइन समेतका लागि विज्ञको सूची (Roster) तयारी गर्ने सम्बन्धी सूचना

आसन्न निर्वाचनलाई मध्य नजर गरी निर्वाचन आयोगले मतपत्र, लोगो, निर्वाचन चिन्ह तथा निर्वाचन शिक्षा तथा सूचना सामग्री डिजाइन गर्ने कार्यका लागि विषय विज्ञहरुको सूची तयार गर्न लागेको छ । निर्वाचनको समयमा आयोगले तोकेको अवधि र समयसम्म आयोगमा रही काम गर्न इच्छुक देहायका योग्यता, क्षमता र अनुभव भएका नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले ५(पाँच) दिनभित्र निर्वाचन आयोग, बहादुरभवन, कान्तिपथ, काठमाडौंमा वा आयोगको इमेल ठेगानाः ecn.namawali@election.gov.np मा आफ्नो योग्यता र अनुभवको प्रमाणपत्र सहित सूचीमा नाम दर्ता गराउन निर्धारित ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।निवेदनको ढाँचा आयोगको मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा वा वेवसाइट www.election.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

**<u>योग्यता, क्षमता तथा अनुभव</u>**

१. मान्यता प्राप्त विश्वविद्यालयबाट चित्रकला र ग्राफिक डिजाइनमा कम्तिमा स्नातक तह उर्त्तीण गरेको,
२. दृष्टान्त चित्र (Illustration ) र ग्राफिक डिजाइन सम्बन्धी कम्तिमा दुई वर्षको अनुभव भएको,
३. रेखा चित्र ( Line art), Half- tone art तथा रङ्गिन चित्र (Four color art) तयार गर्ने सम्बन्धी दक्षता भएको,
४. दृष्टान्त चित्रहरु (Illustration ) सम्बन्धी Hardware (Tablet pen) र Software (Photoshop, Illustrator) प्रयोग गर्ने सम्बन्धी दक्षता भएको,
५. नेपाली टाइपमा दक्षता रहेको र
६. मुद्रण तथा प्रि-प्रेस सम्बन्धी जानकारी भएको ।

**मतपत्र डिजाइन समेतका लागि विज्ञको सूची (Roster) को लागि निवेदनको ढाँचा**

**श्रीमान् सचिवज्यू,**
**निर्वाचन आयोग, नेपाल ।**

**विषय : सूचीमा आवद्ध हुन पाउँ ।**

आयोगको मिति ........................... को सूचना बमोजिम म आयोगले तोकेको मिति र समयसम्म आयोगमै रही कार्य गर्न इच्छुक रहेको साथै सूचनामा उल्लेखित योग्यता तथा क्षमता समेत रहेको हुँदा सूचीमा आवद्ध हुनका लागि आवश्यक प्रमाण सहित यो निवेदन पेश गरेको छु ।

**मेरो संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।**

**व्यक्तिगत विवरण**

**नामः** ......................................................... **स्थायी ठेगाना :** .....................................

**मोबाइल नं. :** ............................................. **इमेल :** ...................................................

**१. शैक्षिक योग्यताको विवरण :**

| क्र.स. | शैक्षिक योग्यता | मूल विषय | विश्वविद्यालय | उर्त्तीण मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**२. कार्य अनुभव :**

| क्र.स. | संस्थाको नाम | गरेका कार्यहरु | कार्य अवधि | हालको अवस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**३. कार्य क्षमता :**

- रेखा चित्र( Line art), Half-tone art तथा रङ्गिन चित्र (Four color art) तयार गर्ने सम्बन्धी क्षमता देखिने प्रमाण :. ...............................
- दृष्टान्त चित्रहरु (Illustration ) सम्बन्धी Hardware (Tablet pen) र Software (Photoshop, Illustrator) प्रयोग गर्ने सम्बन्धी क्षमता देखिने प्रमाण ...............................................
- नेपाली टाइपमा दक्षता : भएको ☐ नभएको ☐

**पुनश्च :** मैले माथि पेश गरेका विवरणहरु ठीक साँचो हुन ।

**निवेदक**

नाम :......................................

दस्तखत : ..............................

मिति : ....................................

**नोट :** यस निवेदनका साथमा नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित शैक्षिक योग्यता, कार्य अनुभव तथा क्षमता र दक्षता प्रमाणित गर्ने कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।